विद्युत नियमन आयोगको मिति २०८३/०६/०२ को ३२० औं बैठकको निर्णय

# राष्ट्रिय विद्युत प्रसारण ग्रिड (नेशनल ट्रान्समिसन ग्रिड) को प्रसारण शुल्क गणना  सम्बन्धि मापदण्ड, २०८३

विद्युत नियमन आयोग
काठमाडौँ

# राष्ट्रिय विद्युत प्रसारण ग्रिड (नेशनल ट्रान्समिसन ग्रिड) को प्रसारण शुल्क गणना  सम्बन्धि मापदण्ड, २०८३

(आयोगको मिति २०८३/०६/०२ को ३२० औं बैठकबाट स्वीकृत)

विद्युत नियमन आयोग

काठमाडौँ

# राष्ट्रिय विद्युत प्रसारण ग्रिड (नेशनल ट्रान्समिसन ग्रिड) को प्रसारण शुल्क गणना सम्बन्धि मापदण्ड, २०८३

प्रस्तावना : विद्युत प्रसारण तथा वितरण प्रणालीको भेदभावरहित प्रयोगको व्यवस्था गरी विद्युतको उत्पादन, प्रसारण, वितरण तथा व्यापारको प्रतिस्पर्धात्मक विकासका लागि खुला पहुँचसम्बन्धी आवश्यक व्यवस्था गर्न जारी गरिएको विद्युत प्रसारण तथा वितरण प्रणालीमा खुला पहुँचसम्बन्धी निर्देशिका, २०८२ को दफा ३३ बमोजिम खुला पहुँचको ग्राहकले प्रसारण प्रणाली प्रयोग गरेबापत प्रसारण अनुमतिपत्र प्राप्त व्यक्तिलाई बुझाउनुपर्ने प्रसारण शुल्क तथा विद्युत नियमन आयोग नियमावली, २०७५ को नियम १३ बमोजिम राष्ट्रिय विद्युत प्रसारण ग्रिड (नेशनल ट्रान्समिसन ग्रिड) अन्तर्गतको प्रसारण प्रणाली प्रयोग गरेबापत लाग्ने प्रसारण शुल्क निर्धारण गर्ने प्रयोजनका लागि विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी आयोगले

राष्ट्रिय विद्युत प्रसारण ग्रिड (नेशनल ट्रान्समिसन ग्रिड) को प्रसारण शुल्क गणनासम्बन्धी मापदण्ड बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (क) यस मापदण्डको नाम "राष्ट्रिय विद्युत प्रसारण ग्रीड (नेशनल ट्रान्समिसन ग्रीड) को प्रसारण शुल्क गणना सम्बन्धी मापदण्ड, २०८३ " रहेको छ।

(ख) यो मापदण्ड आयोगबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा: (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामा;—

(क) "अल्पकालीन खुल्ला पहुँच" भन्नाले चौबिस घण्टा देखि एक वर्षसम्मका लागि खुल्ला पहुँच मार्फत प्रसारण वा वितरण प्रणाली प्रयोग गरी विद्युत प्रवाह गर्न पाउने व्यवस्था सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले विद्युत नियमन आयोग सम्झनु पर्छ।

(ग) "आर्थिक वर्ष" भन्नाले श्रावण एक गतेदेखि असार मसान्तसम्म जम्मा बाह्र महिनाको अवधि सम्झनु पर्छ।

(घ) "उपलब्ध क्षमता" भन्नाले प्रसारण वा वितरण प्रणालीमा खुल्ला पहुँच मार्फत विद्युत प्रवाह गर्न सकिने क्षमता सम्झनु पर्छ।

(ङ) "उत्पादन अनुमति पत्र प्राप्त व्यक्ति" भन्नाले विद्युत ऐन, २०४९ तथा विद्युत नियमावली, २०५० बमोजिम विद्युत उत्पादनको अनुमति पत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(च) "ऐन" भन्नाले विद्युत नियमन आयोग ऐन, २०७४ सम्झनु पर्छ।

(छ) "किलोवाट-घण्टा" वा "युनिट" भन्नाले एक हजार वाट विद्युत शक्ति एक घण्टासम्म सञ्चालन

हुँदा खपत हुने विद्युतीय ऊर्जा सम्झनु पर्छ।

(ज) "कुल आवश्यक आय" भन्नाले प्रसारण वा वितरण अनुमति पत्र प्राप्त व्यक्तिको काम कारबाही सञ्चालनका लागि आवश्यक पर्ने बार्षिक आय रकम सम्झनु पर्छ।

(झ) "खुल्ला पहुँच" भन्नाले विद्युत प्रसारण वा वितरण प्रणाली र सोसँग सम्बद्ध संरचना बिना भेदभाव प्रयोग गर्न पाउने हक सम्झनु पर्छ।

(ञ) "खुल्ला पहुँचको ग्राहक" भन्नाले खुल्ला पहुँच मार्फत प्रसारण प्रणाली वा वितरण प्रणाली प्रयोग गरी विद्युत कारोबार गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले खुल्ला पहुँच प्रयोग गर्न निवेदन दिने व्यक्ति समेत सम्झनु पर्छ।

(ट) "खुल्ला पहुँच सम्बन्धी शुल्क" भन्नाले खुल्ला पहुँचको ग्राहकले खुल्ला पहुँच प्रयोग गरे बापत तिर्नुपर्ने शुल्क सम्झनु पर्छ।

(ठ) "दिन" भन्नाले नेपालको मानक समयअनुसार मध्यरातको ००:०० बजे प्रारम्भ भई अर्को मध्यरातको २४:०० बजे समाप्त हुने चौबीस घण्टाको समय श्रृङ्खला सम्झनु पर्छ।

(ड) "दीर्घकालीन खुल्ला पहुँच" भन्नाले पाँच वर्षभन्दा बढी वा विद्युत खरिद बिक्री सम्झौताको अवधि भन्दा बढी नहुने गरी पहुँच मार्फत प्रसारण वा वितरण प्रणाली प्रयोग गरी विद्युत प्रवाह गर्ने व्यवस्था सम्झनु पर्छ।

(ढ) "प्रणाली" भन्नाले प्रसारण वा वितरण प्रणाली सम्झनु पर्छ।

(ण) "प्रसारण अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले विद्युत ऐन, २०४९ तथा विद्युत नियमावली, २०५० बमोजिम विद्युत प्रसारण गर्न अनुमति प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।

(त) "प्रसारण प्रणाली" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत प्रसारणका लागि निर्माण र सञ्चालन गरेको वा त्यसको स्वामित्व वा नियन्त्रणमा रहेको प्रणाली सम्झनु पर्छ र सो शब्दले प्रसारण लाइन, सब-स्टेसन, त्यसमा आबद्ध अन्य पूर्वाधार, उपकरण लगायत नियन्त्रण र अनुगमन प्रणाली (कन्ट्रोल एण्ड मोनिटरिङ् सिस्टम) लाई समेत जनाउँछ।

(थ) "मध्यकालीन खुल्ला पहुँच" भन्नाले एक वर्षभन्दा बढी देखि पाँच वर्षसम्म खुल्ला पहुँच मार्फत प्रसारण वा वितरण प्रणाली प्रयोग गरी विद्युत प्रवाह गर्ने व्यवस्था सम्झनु पर्छ।

## परिच्छेद- २

## वार्षिक आवश्यक आयको गणना

३. वार्षिक आवश्यक आयको गणना गरिने: प्रसारण शुल्क निर्धारण गर्ने प्रयोजनका लागि प्रसारण अनुमति प्राप्त व्यक्तिको वार्षिक आवश्यक आयमा समावेश हुने विषयहरु र अन्य सम्बन्धित विषयहरुका सम्बन्धमा

देहाय बमोजिम गणना गर्नु पर्नेछ:-

(क) गणनायोग्य सम्पति:

(१) वार्षिक आवश्यक आय निर्धारण गर्नका लागि ह्रासकट्टी, दीर्घकालीन ऋणको ब्याज वा स्वपूँजी लगानी वापतको प्रतिफल गणना गर्दा अनुमति प्राप्त व्यक्तिको पूँजीगत सम्पति सिर्जना गर्न प्रयोग भएको रकमलाई मात्र ऋण, स्वपूँजी वा कुल स्थिर सम्पति गणना गर्दा समावेश गरिनेछ।

तर निर्माणाधीन सम्पति, व्यापारिक सञ्चालन शुरु भइनसकेको सम्पति, व्यापारिक प्रयोगका लागि अयोग्य भनी घोषणा गरिएको वा अपलेखन गरिएको सम्पति र सहायक कम्पनी वा अन्य व्यक्तिका लागि प्रयोग भएको सम्पति गणना गरिने छैन।

(२) नेपाल सरकार वा अन्य स्वदेशी/विदेशी निकायको अनुदान वा उपभोक्ताको योगदान मार्फत सिर्जित सम्पति वा कुनै माध्यमबाट नि:शुल्क प्राप्त सम्पतिलाई समेत अनुमति प्राप्त व्यक्तिको ऋण, स्वपूँजी वा कुल स्थिर सम्पति गणना गर्दा समावेश गरिने छैन।

(ख) ऋण र स्वपूँजीको अनुपात:

(१) अनुमति प्राप्त व्यक्तिको सम्पति सिर्जनाका लागि भएको पूँजीगत खर्चमध्ये आयोगबाट स्वीकृत पूँजीगत खर्चको ऋण-स्वपूँजी अनुपात ७०:३० कायम गरिनेछ।

(२) यदि वास्तविक रुपमा तीस प्रतिशत भन्दा अधिक स्वपूँजी प्रयोग भएको अवस्था भएमा कुल पूँजीगत खर्चको तीस प्रतिशत रकम स्वपूँजी कायम गरी बाँकि स्वपूँजी रकम मानक (नर्मेटिभ) ऋणको रुपमा गणना गरिनेछ।

तर वास्तविक रुपमा तीस प्रतिशत भन्दा कम स्वपूँजी प्रयोग भएको पाइएमा प्रसारण शुल्क निर्धारण प्रयोजनको लागि वास्तविक स्वपूँजी रकमलाई आधार मानिनेछ।

(३) यसरी निर्धारण गरिएको स्वपूँजी रकममा स्वपूँजी लगानी बापतको प्रतिफल (रिटर्न अन इक्विटी) गणना गरिनेछ।

(४) मानक ऋणलाई दीर्घकालीन ऋण सरह मानी ब्याज गणना गरिनेछ।

(५) वैदेशिक मुद्रामा स्वपूँजी लगानी भएको अवस्थामा प्रत्येक पटक लगानी हुँदाको मितिमा कायम विनिमय दरका आधारमा नेपाली रुपैयाँमा स्वपूँजी कायम हुनेछ।

(ग) स्वीकृत पूँजीगत खर्च (निर्माणको पूँजीगत लागत): महसुल निर्धारण गर्ने प्रयोजनका लागि प्रसारण आयोजना निर्माणको स्वीकृत पूँजीगत लागत अन्तर्गत देहाय बमोजिमका रकमहरु रहने छन्:-

(१) प्रसारण आयोजनाका लागि आवश्यक जग्गा खरिद, राइट अफ वे मा रहने जग्गाको क्षतिपूर्ति र निर्माणको अवधिको भाडाबापतको रकम,

(२) निर्माण-पूर्वको अनुमतिपत्र, आयोजना अध्ययन, बोलपत्र सम्बन्धित खर्च, प्रारम्भिक भौतिक संरचना निर्माण, आदि सम्बन्धी गतिविधिको रकम,

(३) पूँजीगत कार्य (स्विचयार्ड, सबस्टेसन र प्रसारण लाइनसँग सम्बन्धित निर्माण कार्य र उपकरण, मेसिनरी, सफ्टवेयर लगायतको जडान, परीक्षण, आदि) बापतको रकम,

(४) निर्माण अवधिको इञ्जिनियरिङ्ग, सुपरभिजन तथा अनुगमन कार्य सम्बन्धी खर्च,

(५) आयोजना सञ्चालन पूर्वको व्यवस्थापन खर्चको रकम,

(६) भैपरी (कन्टिन्जेन्सी) लागत वापतको रकम,

(७) पुनर्वास, पुनर्स्थापना तथा वातावरणीय प्रभाव न्यूनीकरणसम्बन्धी रकम,

(८) प्रारम्भिक मौज्दात् (स्पेयर) बापतको रकम,

(९) निर्माण अवधिको ब्याज, विदेशी मुद्रा विनिमयवापतको खर्च तथा अन्य वित्तीय खर्चको रकम ।

(घ) ह्रासकट्टी: महसुल निर्धारण गर्ने प्रयोजनका लागि प्रसारण आयोजना निर्माणको सम्पत्तिको ह्रास कट्टीका लागि लिइने आधार मूल्य त्यस्तो सम्पत्तिको वास्तविक लागत (हिस्टोरिकल कस्ट) बमोजिम हुनेछ। साथै ह्रासकट्टी गणनाको निमित्त देहाएको आधारहरु लिईनेछ:

(१) सम्पत्तिको ह्रास कट्टीका लागि लिइने आधार मूल्य त्यस्तो सम्पत्तिको वास्तविक लागत (हिस्टोरिकल कस्ट) बमोजिम हुनेछ।

(२) सम्पत्तिको वास्तविक लागत गणना गर्दा थप पूँजीकरण (सम्पत्तिको क्षमता विस्तार वा सिर्जनाको खर्च, क्षतिग्रस्त सम्पत्तिलाई पूर्ववत् अवस्थामा सञ्चालनमा ल्याउन लाग्ने खर्च लगायत) समेत समावेश गर्न सकिनेछ।

(३) सम्पत्तिको ह्रास कट्टीको गणना स्ट्रेट लाइन विधि बमोजिम बार्षिक रुपमा हुनेछ।

(४) सम्पत्ति सञ्चालनको पहिलो बर्षदेखि ह्रास कट्टी गर्नु पर्नेछ। कुनै आर्थिक वर्षको बीच समयमा सम्पति सञ्चालनमा आएको भएमा समानुपातिक रुपमा ह्रास् कट्टी हुनेछ।

(५) अनुमतिपत्रको अवधि पश्चात नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्ने सम्पतिको हकमा अनुमतिपत्रको अवधि भरि समानुपातिक रुपमा ह्रासकट्टी गर्नु पर्नेछ।

(६) ह्रास कट्टीका सम्बन्धमा यस निर्देशिकामा उल्लेख नभएका व्यवस्थाको सम्बन्धमा लेखाका सर्वमान्य र प्रचलित सिद्धान्त बमोजिम हुनेछ।

(७) एउटै व्यक्तिले उत्पादन, प्रसारण र वितरण अनुमति प्राप्त गरेको हकमा प्रसारण प्रणालीसँग सम्बन्धित सम्पतिहरुका लागि माथि उल्लेखित व्यवस्थाहरु बमोजिम ह्रासकट्टी गणना गर्न मिल्ने गरी यथेष्ट विवरण पेश गर्न नसकेको हकमा पछिल्लो लेखापरीक्षण गरिएको वित्तीय विवरण र अनुमति प्राप्त व्यक्तिको व्यवस्थापनबाट प्रमाणित अनुमानित/प्रक्षेपित विवरणमा उल्लेख भएको सम्पति र ह्रासकट्टी खर्चको विवरणका आधारमा विवेकसम्मत परीक्षण गरी आयोगले प्रसारण शुल्क निर्धारणका लागि ह्रासकट्टी रकम निर्धारण गर्न सक्नेछ।

(ङ) <u>दीर्घकालीन ऋणको ब्याज:</u>

(१) ऋण सम्झौताका शर्त अनुरुप अनुमति प्राप्त व्यक्तिको पूँजीगत खर्चका लागि लिइएको ऋणको व्याज बापतको खर्च मात्र अनुमति प्राप्त व्यक्तिले महसुल मार्फत उठाउन सक्नेछ।

(२) खण्ड (ङ) (१) अन्तर्गत पूँजीगत खर्च वा पूँजीगत कार्यको माध्यमबाट सम्पत्ति सिर्जनाका लागि उपयोग भएको ऋण वापतको ब्याज खर्च मात्र दाबी गर्न सकिनेछ।

(३) यस खण्ड बमोजिम ब्याज खर्च गणना गर्दा दीर्घकालीन ऋणसँग सम्बन्धित सेवा शुल्क, कमिशन, प्रमाणीकरण खर्च लगायत ऋण सुविधासँग सम्बन्धित खर्चहरु समावेश गर्न सकिनेछ। तर, ऋण वापत भुक्तानी गरिएको हर्जाना, अतिरिक्त ब्याज, पेनल ब्याज, जरिवाना लगायतका ऋण सम्झौताको शर्त पालना नभएको कारणले भुक्तानी गर्नुपर्ने थप खर्चलाई मान्यता दिइने छैन।

(४) मानक ऋणको ब्याज गणना गर्दा महसुल निर्धारण हुने आर्थिक बर्षको प्रारम्भमा तिर्न बाँकि विभिन्न दीर्घकालीन ऋण र सम्बन्धित ऋणको भारित औसत ब्याजदरका आधारमा मानक ऋणको ब्याजदर कायम गरी ब्याज खर्च गणना गरिनेछ।

(५) कुनै पनि दीर्घकालीन ऋण नभएको अवस्थामा नेपाल राष्ट्र बैंकले सार्वजनिक गर्ने नेपालका सबै बाणिज्य बैंकहरुको अघिल्लो आर्थिक वर्षको अन्तिम दिनको कर्जाको भारित औसत ब्याजदर (weighted average interest rate of credit) प्रयोग गरी मानक ऋणको ब्याज गणना गरिनेछ।

(६) एउटै व्यक्तिले उत्पादन, प्रसारण र वितरण अनुमति प्राप्त गरेको हकमा प्रसारण

प्रणालीसँग सम्बन्धित सम्पतिहरुका लागि माथि उल्लेखित व्यवस्थाहरु बमोजिम ब्याज खर्च गणना गर्न मिल्ने गरी यथेष्ट विवरण पेश गर्न नसकेको हकमा पछिल्लो लेखापरीक्षण गरिएको वित्तीय विवरण र अनुमति प्राप्त व्यक्तिको व्यवस्थापनबाट प्रमाणित अनुमानित/प्रक्षेपित विवरणमा उल्लेख भएको कुल दीर्घकालीन ऋण, सम्पति र दीर्घकालीन ऋणको ब्याज खर्चको रकमका आधारमा विवेकसम्मत परीक्षण गरी आयोगले प्रसारण शुल्क निर्धारणका लागि दीर्घकालीन ऋण वापतको ब्याज रकम निर्धारण गर्न सक्नेछ।

(च) स्वपूँजी लगानी बापतको प्रतिफल:

(१) आयोगले विवेकसम्मत परीक्षण गरी प्रसारण व्यवसायका लागि स्वपूँजी लगानी बापतको वार्षिक प्रतिफल (रिटर्न अन इक्विटी) को दर अधिकतम १५.५ प्रतिशतसम्म तोक्न सक्नेछ। यसरी आयोगले विवेकसम्मत परीक्षण गर्दा अनुमति प्राप्त व्यक्तिको पुँजीगत तथा सञ्चालन खर्चको प्रभावकारिता, अनुमानित महसुल दरको प्रभाव, समान किसिमका आयोजनाहरुमा कायम वार्षिक प्रतिफल दर, अनुमति प्राप्त व्यक्तिको विगतका वर्षहरुको स्वपूँजी लगानी वापतको प्रतिफल दर र विद्यमान महसुल दरलाई समेत मध्यनजर गर्नुपर्नेछ।

(२) एउटै व्यक्तिले उत्पादन, प्रसारण र वितरण अनुमति प्राप्त गरेको हकमा प्रसारण प्रणालीसँग सम्बन्धित सम्पतिहरुमा माथि उल्लेखित व्यवस्थाहरु बमोजिम स्वपूँजीको रकम यकिन गर्न मिल्ने गरी यथेष्ट विवरण पेश गर्न नसकेको हकमा पछिल्लो लेखापरीक्षण गरिएको वित्तीय विवरण र अनुमति प्राप्त व्यक्तिको व्यवस्थापनबाट प्रमाणित अनुमानित/प्रक्षेपित विवरणमा उल्लेख भएको कुल स्वपूँजी, स्वपूँजी लगानी वापतको प्रतिफलको दर, कुल सम्पति र प्रसारण व्यवसायसँग सम्बन्धित सम्पतिका आधारमा विवेकसम्मत परीक्षण गरी आयोगले प्रसारण शुल्क निर्धारणका लागि स्वपूँजी लगानी वापतको प्रतिफल निर्धारण गर्न सक्नेछ।

(छ) कर्मचारी खर्च र सञ्चालन तथा मर्मत खर्च

(१) यो खण्ड (छ) अन्तर्गत अनुमति प्राप्त व्यक्तिको प्रसारण व्यवसायसँग सम्बन्धीत कर्मचारी खर्च, मर्मत खर्च, वीमा खर्च तथा अन्य सम्पूर्ण सञ्चालन खर्च समावेश हुनेछ।

(२) अनुमति प्राप्त व्यक्तिको पछिल्ला तीन आर्थिक बर्षको लेखापरीक्षण गरिएको

वित्तीय विवरणका आधारमा कर्मचारी खर्च र सञ्चालन तथा मर्मत खर्च गणना गरिनेछ।

(३) एउटै व्यक्तिले उत्पादन, प्रसारण र वितरण अनुमति प्राप्त गरेको हकमा प्रसारण व्यवसायसँग सम्बन्धित कर्मचारी र सञ्चालन तथा मर्मत खर्चको अलग्गै लेखाङ्कन गर्नु पर्नेछ । तर, यसरी अलग्गै लेखाङ्कन नगरिएको अवस्थामा पछिल्लो लेखापरीक्षण गरिएको वित्तीय विवरण र अनुमति प्राप्त व्यक्तिको व्यवस्थापनबाट प्रमाणित अनुमानित/प्रक्षेपित विवरणमा उल्लेख भएको कुल कर्मचारी र सञ्चालन तथा मर्मत खर्च, कुल कर्मचारी संख्या र प्रसारण व्यवसायसँग सम्बन्धित कर्मचारी संख्या, र कुल सम्पति र प्रसारण व्यवसायसँग सम्बन्धित सम्पतिका आधारमा विवेकसम्मत परीक्षण गरी आयोगले प्रसारण शुल्क निर्धारणका लागि कर्मचारी खर्च र सञ्चालन तथा मर्मत खर्च निर्धारण गर्न सक्नेछ।

(४) प्रसारण शुल्क निर्धारण गर्ने प्रयोजनका लागि अनुमति प्राप्त व्यक्तिको वार्षिक कर्मचारी खर्च र सञ्चालन तथा मर्मत खर्चको कुल सीमा प्रसारणसँग सम्बन्धित कुल स्वीकृत पूँजीगत खर्चको अधिकतम दुई प्रतिशतसम्म हुनेछ।

(५) महसुल समायोजन गर्दा कर्मचारी खर्च र सञ्चालन तथा मर्मत खर्च वापत प्रक्षेपण गरिएको रकम र यथार्थ खर्च रकम फरक भएमा उपरोक्त सीमा भित्र रहने गरी यथार्थ खर्च रकम प्रयोग गर्नु पर्नेछ।

(ज) प्रसारण सेवा वापतको लागत: अनुमति प्राप्त व्यक्तिले प्रसारण सेवा प्रयोग गरे वापत तेस्रो पक्षलाई भुक्तानी गर्नु पर्ने प्रसारण सेवा वापतको लागत आयोगले स्वीकृत गरे बमोजिम प्रसारण शुल्क मार्फत उठाउन सक्नेछ।

(झ) चालु पूँजी ऋणको व्याज:

(१) अनुमति प्राप्त व्यक्तिले चालु पूँजीका लागि लिएको ऋणमा मानक (नर्मेटिभ) व्याज प्राप्त गर्न सक्नेछ।

(२) अनुमति प्राप्त व्यक्तिको प्रसारण व्यवसायका लागि मानक (नर्मेटिभ) चालु पूँजी आवश्यकता देहाय बमोजिम निर्धारण गरिनेछ:

(अ) एक महिनाको सञ्चालन र मर्मत (अपरेसन एण्ड मेन्टेनेन्स) तथा कर्मचारी खर्च बराबरको रकम,

(आ) सञ्चालन र मर्मत (अपरेसन एण्ड मेन्टेनेन्स) खर्चको पन्ध्र प्रतिशत हुने गरी गणना गरिएको सम्भार मौज्दात (मेन्टेनेन्स स्पेयर) बराबरको रकम, र

(इ) प्रसारण व्यवसायको वार्षिक आवश्यक आय (चालु पूँजी ऋणको ब्याज बाहेक) को आधारमा पैंतालिस दिन बराबरको आवश्यक आयको रकम।

(३) यसरी निर्धारण गरिएको मानक चालु पूँजी रकममा दीर्घकालीन ऋणको मानक ब्याजदर सरह ब्याजदर प्रयोग गरी चालु पूँजी ऋणको ब्याज गणना गरिनेछ।

(४) महसुल समायोजन गर्दा चालु पूँजीबापत लिएको ऋणको मानक ब्याज रकम र चालु पूँजी ऋणको यथार्थ ब्याज खर्च मध्ये जुन कम हुन्छ सो रकम प्रयोग गर्नु पर्नेछ।

(ञ) विदेशी मुद्रा विनिमय वापतको खर्च

(१) अनुमति प्राप्त व्यक्तिले प्रसारण प्रणालीसँग सम्बन्धित सम्पति सिर्जनाका लागि विदेशी मुद्रामा लिइएको दीर्घकालीन ऋणको व्याज र साँवा भुक्तानीका लागि हेजिङ्ग गरिएको अवस्थामा हेजिङ्गका व्यवस्था र हेजिङ्ग बापतको खर्चको गणना नेपाल सरकारको हेजिङ्ग सम्बन्धी प्रचलित कानून अनुरुप हुनेछ र अनुमति प्राप्त व्यक्तिले व्यहोर्नु पर्ने त्यस्तो हेजिङ्ग शुल्कलाई प्रसारण शुल्क निर्धारणका क्रममा समावेश गर्न सकिनेछ। यसरी हेजिङ्ग बापतको खर्च समावेश भएको अवस्थामा विदेशी मुद्रा विनिमय बापतको अन्य कुनै पनि खर्चलाई प्रसारण शुल्क निर्धारण गर्दा गणना गरिने छैन।

(२) खण्ड (ञ) (१) बमोजिमको हेजिङ्ग नभएको अवस्थामा विदेशी मुद्रामा लिइएको दीर्घकालीन ऋण वापतको साँवा तथा ब्याज भुक्तानीको दायित्व वापतको वैदेशिक विनिमय खर्च प्रसारण शुल्क गणना क्रममा समावेश गरिनेछ।

(ट) आयकर

(१) अनुमति प्राप्त व्यक्तिले प्रसारण महसुल वापतको आयमा सम्बन्धित वर्षमा यथार्थ भुक्तानी गरेको आय कर वापतको रकम महसुल मार्फत उठाउन सक्नेछ।

(२) आयकर सम्बन्धि अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

## परिच्छेद- ३

## राष्ट्रिय विद्युत प्रसारण ग्रिडको प्रसारण शुल्कको गणना

४. प्रसारण शुल्क निर्धारण गरिने: (क) खुल्ला पहुँचको ग्राहकले प्रसारण प्रणाली प्रयोग गरे बापत प्रसारण अनुमतिपत्र प्राप्त व्यक्तिलाई प्रसारण शुल्क बुझाउनु पर्नेछ।

(ख) दीर्घकालीन वा मध्यकालीन खुल्ला पहुँच बापतको प्रसारण शुल्कको दर देहाय बमोजिम गणना गरिनेछ:—

$$= \frac{\text{प्रसारण प्रणालीको कुल आवश्यक आय ("रूपैयाँ")}}{\text{सम्बन्धित वर्षको लागि प्रसारण प्रणालीमा प्रक्षेपित अधिकतम भार ("मेगावाट")} \times \text{१२}}$$

स्पष्टिकरण: यस दफाको प्रयोजनको लागि प्रसारण प्रणालीको कुल आवश्यक आय भन्नाले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले पेश गरी आयोगले स्वीकृत गरेको त्यस्तो अनुमति पत्र प्राप्त व्यक्तिको प्रसारण व्यवसाय सञ्चालन गर्न आवश्यक पर्ने कुल रकम सम्झनु पर्छ।

(ग) उपदफा (ख) बमोजिम दीर्घकालीन वा मध्यकालीन खुल्ला पहुँच प्रयोग बापतको मासिक प्रसारण शुल्क देहाय बमोजिम गणना गरिनेछ:—

= खुल्ला पहुँच ग्राहकको प्रसारण शुल्कको दर ("रूपैयाँ प्रति मेगावाट प्रति महिना") × खुल्ला पहुँचको लागि स्वीकृत क्षमता ("मेगावाट")।

(घ) दीर्घकलीन वा मध्यकालीन खुल्ला पहुँचको प्रारम्भ वा अन्त्यमा पर्न सक्ने सम्बन्धित महिनाको आंशिक अवधिको प्रसारण शुल्क समानुपातिक आधारमा गणना गरिनेछ।

(ङ) अल्पकालीन खुल्ला पहुँच बापतको प्रसारण शुल्कको दर देहाय बमोजिम गणना गरिनेछ:—

$$= \frac{\text{प्रसारण प्रणालीको कुल आवश्यक आय ("रूपैयाँ")}}{\text{प्रक्षेपित अधिकतम भार ("मेगावाट")} \times \text{८७६०} \times \text{१०००}}$$

(च) उपदफा (ङ) बमोजिम अल्पकालीन खुल्ला पहुँच प्रयोग बापतको प्रसारण शुल्क देहाय बमोजिम गणना गरिनेछ:—

= खुल्ला पहुँच ग्राहकको प्रसारण शुल्कको दर ("रूपैयाँ प्रति युनिट") × कारोबार महिनाका लागि अल्पकालीन खुल्ला पहुँचको ग्राहकका लागि सेड्युल गरिएको विद्युत ("युनिट") ।

(छ) रेडियल लाइन, डेडिकेटेड प्रसारण लाइन, तथा प्रतिस्पर्धात्मक वा अन्य तरिकाले निर्मित तथा सञ्चालित प्रसारण प्रणाली बापतको प्रसारण शुल्कको निर्धारण आयोगले जारी गर्ने अलग निर्देशिका बमोजिम हुनेछ।

## परिच्छेद- ४
## बिबिध

५. अन्य व्यवस्था आयोगले तोके बमोजिम हुने: प्रसारण शुल्क निर्धारण सम्बन्धी अन्य व्यवस्था खुला पहुँच निर्देशिका तथा समयसमयमा आयोगले निर्णय गरे बमोजिम हुनेछ।